☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कटुन्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः
चलानी नं.:

मितिः २०७९।०९।०८

## प्रेस विज्ञप्ति

प्राइम टाइम्स टेलिभिजनको 'खबर अन्वेषण' नामक कार्यक्रममा प्रसारित हनुमन्ते खोला छेउमा रहेको सार्वजनिक जमिन अतिक्रमण र भू-माफियाको सहयोगमा व्यक्तिको नाउँमा किनबेच गर्ने काममा प्रत्यक्ष वा परोक्ष रुपमा यस नगरपालिकाका निर्वाचित निवर्तमान र वर्तमान जनप्रतिनिधि देखि यस क्षेत्रबाट प्रतिनिधित्व गर्नुहुने निवर्तमान सांसद महेश बस्नेत र पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सम्मको संलग्नता रहेको भन्ने समाचार प्रति यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। नगरपालिका यस विषयमा सर्वसाधारण र आम सरोकारवालाको लागि केही कुरा स्पष्ट गर्न चाहन्छ जुन यस प्रकार रहेको छः-

पहिलो कुरा अभिलेखबाट सो जग्गा वि.सं. २०२१ सालको नापीमा तत्कालीन बालकोट गाविस वडा नं.-२ मा पर्ने भएता पनि समयक्रममा हनुमन्ते खोलाले आफ्नो धार परिवर्तन गर्यो र सोही बमोजिम पछि त्यो क्षेत्र हाल साविक गर्ने क्रममा तत्कालीन बालकोट गाविस र हाल सूर्यविनायक नगरपालिकाको जानकारी विना उक्त भू-भाग मध्यपुर थिमी नगरपालिका तर्फ कायम भएको देखिन्छ। दोस्रो कुरा सार्वजनिक तथा निजी जमिनको सम्पूर्ण अभिलेख राख्ने र जग्गाको विवरण अद्यावधिक राख्ने जिम्मेवारी नगरपालिकाको नभई भुमिसुधार तथा मालपोत कार्यालयको हो। तेस्रो सार्वजनिक तथा निजी जग्गा नापजाँच तथा कित्ताकाट गर्ने जिम्मेवारी पनि नगरपालिकाको नभई नापी कार्यालयको हो। जग्गाको कित्ताकाट नामसारी वा हक हस्तान्तरणको काम स्थानीय सरकारको होइन। नगरपालिका मातहतको वडा कार्यालयले जग्गाधनी प्रमाणपूर्जाको आधारमा घरबाटो सिफारिस गर्ने गर्दछ। वडा कार्यालयको अभिलेखबाट वि.सं. २०७२ सालमा नेपालको संविधान जारी भए पश्चात वि.सं. २०७४ सालमा भएको स्थानीय तह निर्वाचनबाट निर्वाचित जनप्रतिनिधि र हालको बहालवाला जनप्रतिनिधिहरुबाट समेत उक्त स्थानको जग्गाको सम्बन्धमा कुनै किसिमको सिफारिस भएको देखिँदैन।

यस परिप्रेक्ष्यमा यस नगरपालिकाका मेयर तथा वडाध्यक्ष र सांसद मिली गैर कानूनी ढंगबाट सार्वजनिक जग्गा हिनामिना गरेको भन्ने कुरा निराधार र कपोल्कल्पित हो भन्ने प्रष्ट हुन्छ। यस सन्दर्भमा समाचार बनाई प्रसारण गर्ने संस्थालाई हल्लाको भरमा नभई विषयवस्तुको गहिराईमा पुगेर खोज पत्रकारितामा आधारित रही सत्थ तथ्य समाचार मात्र सम्प्रेषण गरी व्यवसयिकता प्रदर्शन गर्न नगरपालिका ध्यानाकर्षण गराउन चाहन्छ र यसको लागि नगरपालिकाले आफ्नो तर्फबाट खेल्नुपर्ने भूमिकाको लागि सदैव तयार रहेको जानकारी सम्बन्धित सबैमा गराउन चाहन्छ।

२०७९।९।८

...................
रबिन्द्र सापकोटा
प्रवक्ता

☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्याः
चलानी नं.:

मितिः...............................

सूर्यविनायक नगरपालिका आफ्नो क्षेत्रभित्र पर्ने सार्वजनिक जमिन र सम्पत्तिको संरक्षणमा हिजो पनि क्रियाशील थियो र आज पनि छ। यसको साथै सार्वजनिक सम्पत्तिको संरक्षणमा यस नगरपालिकाबाट निर्वाचित भूतपूर्व र वर्तमान जनप्रतिनिधीहरुको साथै संघीय संसद तथा प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने जनप्रतिनिधीहरुको पूर्ण प्रतिवद्धता, साथ र समर्थन रहेको छ।

अन्तमा, भू-माफियासँगको मिलेमतोमा सार्वजनिक जग्गालाई व्यक्तिको नाउँमा बनाई बेचबिखन गर्ने कार्यमा संलग्न हुने भन्ने कुरा हामी जनप्रतिनिधिहरुको लागि कल्पना भन्दाबाहिरको कुरा हो भन्दै यस प्रति नगरपालिका खेद व्यक्त गर्दछ । तसर्थ यस्ता हल्ला पछि नलागी तथ्यपरक भएर विषयवस्तु बुझ्न र सूचना सम्प्रेषण गर्न सम्बन्धित सबै सरोकारवालाहरुमा नगरपालिका अनुरोध गर्दछ।

२०६१।१।८

.......................
रबिन्द्र सापकोटा
प्रवक्ता